प्रदेश सरकार
प्रदेश नं.५
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

E-mai:l akcarghakhanci@gmail.com
website:www.akcarghakhanchi.gov.np
फोन नं. ०७७-४२०१२६/४२००५५

# कृषि ज्ञान केन्द्र

## अर्घाखाँची

### कृषि विषय अध्ययन गरेका युवाहरुका लागि उद्यमशीलता विकास कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धि सूचना।

सूचना प्रकाशन मिति: २०७७/०६/१३

आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि विषय अध्ययन गरेका युवाहरुलाई उद्यमशीलता विकास कार्यक्रम तोकिएका विषय तथा क्षेत्रमा व्यवसायिक रुपमा उद्यमशील बन्न चाहने इच्छुक युवाहरुले यस कार्यक्रमको कार्यविधिको अनुसूची-१ बमोजिमको निवेदन तथा प्रस्ताव ढाँचा अनुसार आवेदन/प्रस्ताव तयार गरी तपसिल बमोजिको मापदण्ड तथा आवश्यक कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७७/६/२८ गते भित्र) कृषि ज्ञान केन्द्र अर्घाखाँचीमा कार्यालयको समयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। निवेदन, प्रस्ताव ढाँचा आदि यस कार्यालयमा समन्वय गरी तथा website akcarghakhanchi.gov.np बाट एवं कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरुलाई उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि-२०७६ molmac.p5.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ।साथै प्रस्ताव शिलबन्दी पेश गर्नु पर्नेछ।

| विवरण | मापदण्डहरु |
|---|---|
| विषय तथा क्षेत्रहरु | कृषि तथा पशुपंछी अध्ययन गरेका युवाहरुलाई उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि-२०७६ को परिच्छेद-३ दफा ८ बमोजिमको कृषि क्षेत्रका विषयहरु |
| लक्ष्य संख्या | जम्मा ४ जना |
| योग्यता | • कृषि विषयमा जे.टि.ए., जे.टी., प्रवीणता, स्नातक, स्नातकोत्तर तह तथा विद्यावारिधी उर्त्तीण गरेको<br>• प्रस्तावक ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ।<br>• प्रस्तावक कुनै पनि सरकारी, गैरसरकारी तथा शैक्षिक संस्थामा पूर्णकालीन/स्थायी नोकरीमा संलग्न नभएको हुनु पर्नेछ।<br>• मानव तथा वातावरण प्रदुषण,लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा प्राकृतिक श्रोत साधन आदि विषयमा संवेदनशील हुनु पर्नेछ।<br>• परियोजना स्थलको जग्गा आफ्नै स्वामित्वको वा भाडाको भएमा कम्तिमा १०वर्षको करारनामा हुनु पर्नेछ।<br>• विगत २आ.व.भित्र सोही प्रयोजनका लागि कुनै निकायबाट अनुदान नलिएको हुनु पर्नेछ।<br>• कृषि विषय अध्ययन गरेका एक भन्दा बढी युवाहरुले मिलेर प्रस्ताव पेश गर्न सक्नेछन्। |
| अनुदान सिमा | • कूल लागत रकमको बढीमा ७५ प्रतिशत वा रु.२५००००।-मध्ये जुन कम हुन आउँछ सोही बराबरको रकम अनुदान स्वरुप उपलब्ध गराइनेछ।<br>• निम्नानुसारको कार्यक्रम/क्रियाकलापमा अनुदान रकम उपलब्ध गराइनेछः<br>उत्पादन क्रियाकलापमा अधिकतम् १० प्रतिशत, पूर्वाधार विकासमा न्युनतम् ३० प्रतिशत, प्रविधि र मेशिनरीमा न्युनतम् ३० प्रतिशत, विविध (प्रशोधन तथा बजारीकरण)मा अधिकतम् २० प्रतिशत |
| हुनु पर्ने सुविधा | • प्रस्तावित कार्यक्रम संचालन हुने ठाउँमा कम्तिमा मोटर बाटो, विद्युत, पानी, संचार लगायतको सुविधा पुगेको हुनु पर्नेछ। |

०७७/६/१३

रामिलन प्रसाद विश्वकर्मा
प्रमुख
(अधिकृत स्तर दशौं तह)

प्रदेश सरकार
प्रदेश नं.५
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

E-mail akcarghakhanci@gmail.com
website:www.akcarghakhanchi.gov.np
फोन नं. ०७७-४२०१२६/४२००५५

# कृषि ज्ञान केन्द्र

अर्घाखाँची

## व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना

सूचना प्रकाशन मिति: २०७७/०६/१३

कृषि ज्ञान केन्द्र अर्घाखाँचीको आ.ब.२०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय र स्थानीय महत्वका बालीको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन मार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धिका लागि आवश्यक प्रविधि तथा उत्पादन समाग्रीको व्यवस्था, बालीवस्तुको उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि पूर्वाधारको व्यवस्था मार्फत व्यवसायिक कृषि उत्पादन गर्ने हेतु **व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक)** विकास कार्यक्रम संचालनका लागी तोकिएका बाली/वस्तुमा ब्लक निर्माण गर्न इच्छुक **कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/ जल उपभोक्ता समितिले मिलेर वा छुट्टाछुट्टै** कार्यालयबाट निर्धारित ढाँचामा आवेदन/प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र अर्थात (मिति २०७७/७/१२गते भित्र) यस कृषि ज्ञान केन्द्र अर्घाखाँचीमा कार्यालय समयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। आवेदन फारम यस कार्यालयमा समन्वय गरी तथा कार्यालयको वेब साइट www.akcarghakhanchi.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ। साथै प्रस्ताव शिलबन्दी पेश गर्नु पर्नेछ।

| विवरण | व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रमको मापदण्डहरु |
|---|---|
| बाली तथा क्षेत्रफल/संख्या | राष्ट्रिय र स्थानीय महत्वका बाली खाद्यान्न बाली न्युनतम १०० हे.वा २०००रोपनी, आलु र तरकारी बालीमा न्युनतम ३० हे.वा(६०० रोपनी),दलहन,तेलहन,मसलाबाली र फलफूल बालीहरुमा न्युनतम ७०हे. वा (१४००रोपनी),मौरीको हकमा न्युनतम १००० घारगोला, गोब्रे तथा कन्ये च्याउको हकमा न्युनतम १०००० के.जी. बीउको उपयोग हुने, सिताकेच्याउको हकमा न्युनतम् २५०००मुढामा गरिने र प्लाष्टिक घरमा गरिने तरकारी खेतीको हकमा न्युनतम १० हेक्टर (२००रोपनी) क्षेत्रफलमा फैलिएको प्लाष्टिक घरहरु रहने। |
| लक्ष्य संख्या र बजेट | जम्मा ६ वटा (प्रत्येक पालिकामा १/१ वटा) |
| अनुदान सिमा | प्रति ब्लक रु.२३ लाख अनुदान (५०प्रतिशत) |
| उपलब्ध हुने सुविधा | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को उपदफा ४.२.९.२ अन्तरगतको तालिका-४ मा तोकिए बमोजिमको कार्यक्रमहरु छनौट गरी संचालन गरिनेछ। |
| ब्लक कार्यक्रम संचालन हुने पालिका र बाली | शितगंगा न.पा.वडा नं.२,३, ५ र ६ मौरी, सन्धिखर्क न.पा.वडा नं.१२ मकै बीउ उत्पादन, पाणिनी गा.पा. वडा नं. २,३,४,७ र ८ पोलिहाउस तरकारी, छत्रदेव गा.पा.वडा नं.२ मकैबाली, भूमिकास्थान न.पा., मालारानी गा.पा (भूमिकास्थान न.पा. र मालारानी गा.पा.को हकमा स्थान र बाली आवेदन प्राप्त भए पछि छनौट गरिनेछ) |

**आवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. रु.१०को टिकट
२. कृषक समूह/कृषि सहकारी/कम्पनी/कृषि उद्यमी जल उपभोक्ता समिति दर्ताको तथा नवीकरण प्रमाण पत्रको प्रतिलिपी
३. गत आर्थिक वर्षको कर चुक्ता प्रमाण (अडिट रिपोर्ट)को प्रतिलिपी
४. समूह/संस्थाको पान नं.दर्ता प्रमाण पत्रको प्रतिलिपी
५. आवेदन संग संलग्न कागजातहरु पूर्णरुपमा भरिएको हुनुपर्नेछ
६. जग्गाको लालपुर्जाको प्रतिलिपी वा भाडामा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
७. निवेदको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
८. अनुदान माग गरेको समूह/सहकारीको कार्यसमितिको निर्णय प्रतिलिपी
९. ब्लक निर्माणका लागि स्थानीय तहको सिफारिस पत्र
१०. ब्लकमा संचालन गर्ने कार्यक्रमको विस्तृत कार्ययोजना

७७/६/१२

रामभिलन प्रसाद विश्वकर्मा
प्रमुख
(अधिकृत स्तर दशौं तह)